वर्ष ९
अङ्क १
कार्तिक, २०८३

उद्यमशीलता त्रैमासिक बुलेटिन

नेपाल सरकार

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौँ

बुलेटिनभित्र.....

१. तथ्याङ्कमा उद्योग

२. नीति, कानुन, कार्यविधि तर्जुमा/संशोधन

३. स्टार्टअप प्रवर्द्धन

४. वाणिज्य क्षेत्र

५. कम्पनी प्रशासन

६. वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण

सम्पादकीय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी, व्यापार तथा उत्पादनशील क्षेत्रका क्रियाकलाप र तिनको उपलब्धि सम्बन्धित सरोकारवालाहरू समक्ष सम्प्रेषण गर्न त्रैमासिक रूपमा उद्यमशीलता बुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता बुलेटिनको यो अङ्कमा औद्योगिक विकास तथा लगानी प्रवर्द्धनका लागि मन्त्रालय र मातहत निकायबाट चालु आर्थिक वर्ष २०८३।८४ को प्रथम त्रैमासिकमा सम्पादन भएका प्रमुख कार्य तथा उपलब्धिहरू समेटिएका छन्।

चालु आर्थिक वर्षको असोज मसान्तसम्ममा मन्त्रालयले नीतिगत, कानूनी तथा कार्यविधिगत सुधार सहितका विभिन्न कार्यहरू गरेको छ। यसमार्फत औद्योगिक लगानी सम्बन्धी वातावरणमा सुधार, व्यापार सहजीकरण तथा प्रक्रियागत सरलीकरणमार्फत सेवा प्रवाहमा सुधारको अपेक्षा गरिएको छ। उद्योग, लगानी तथा व्यापार प्रवर्धनको सकारात्मक वातावरण तयार गर्ने गरी चालु आर्थिक वर्षका बजेट कार्यान्वयनका कार्यहरू प्रारम्भ भएका छन्।

दिगो आर्थिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान गर्न औद्योगिकीकरण एवम् उत्पादकत्व अभिवृद्धिमा जोड दिने र नीतिहरूको समीक्षा गरी निर्यात केन्द्रित रणनीति लिनु पर्नेछ।


तसर्थ लगानीमैत्री वातावरण बनाउन र गुणस्तरीय औद्योगिक पूर्वाधार विकास तथा वाणिज्य एवम् आपूर्ति क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा नीतिगत तथा व्यवहारिक पृष्ठपोषणका लागि सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

-सम्पादक मण्डल

१. तथ्याङ्कमा उद्योग

(क) उद्योग दर्ता

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा उद्योग विभागमा जम्मा १९५ वटा नयाँ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगहरूमा रु. १ खर्ब ४ अर्ब लगानी र १० हजार २ सय २० रोजगारी प्रस्ताव भएको छ। दर्ता भएका जम्मा उद्योग मध्ये ठूला उद्योगको सङ्ख्या १४, मझौला उद्योगको सङ्ख्याः २२ र साना उद्योगको सङ्ख्या १५९ रहेको छ।



स्रोतः उद्योग विभाग

(ख)विदेशी लगानीः

चालु आ.व. को पहिलो त्रैमासिक अवधिमा उद्योग विभागबाट ४२२ वटा विदेशी लगानीका आयोजना/उद्योगहरू स्वीकृत भएका छन्। ती मध्ये स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत भएका उद्योगहरूको सङ्ख्या ४१० रहेको छ। उद्योगहरूमा कुल रु. १५ अर्ब ८७ करोड विदेशी लगानी र ५,१२९ रोजगारी सिर्जना हुने प्रस्ताव गरिएको छ।

(ग) प्याटेन्ट डिजाइन र ट्रेडमार्कः

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा उद्योग विभागमा १८७४ ट्रेडमार्क दर्ता गरिएको र ७८ वटा ट्रेडमार्क सम्बन्धी मुद्दाको कारबाही टुङ्गो/किनारा लगाइएको छ। भारत र चीनमा रियायती निर्यातको लागि सर्टिफिकेट अफ ओरिजिन सिफारिस सङ्ख्या ३९ रहेको छ। उद्योग विभागबाट यस अवधिमा १८ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरिएको छ।

२. नीति, कानुन, कार्यविधि तर्जुमा/संशोधनः

मानव सिर्जित अन्वेषण तथा आविष्कारको संरक्षण, राष्ट्र हितको प्रवर्धन, औद्योगिक सम्पत्तिको धनीको कानुनी तथा आर्थिक अधिकारको संरक्षण, त्यस्तो सम्पत्तिको दर्ता, नियमन, प्रवर्धन र अभिलेखाङ्कन गर्नका लागि औद्योगिक सम्पत्ति सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृतिका लागि मिति २०८३/५/३१ मा नेपाल सरकार मन्त्रिषरिषद्मा प्रधान्मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको छ। स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालनलाई समसामयिक तथा प्रभावकारी बनाउनका लागि स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८३ स्वीकृत गरी कार्यान्वयनका लागि औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा लेखी पठाइएको छ।

भगत सर्वजित् शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३ स्वीकृत गरी कार्यान्वयनका लागि औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा पठाइएको छ।

३. स्टार्टअप प्रवर्द्धन

आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रममा समावेश भएको स्टार्टअप सम्बन्धी स्केल-अप (Scale-Up) कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी सञ्चालनमा रहेका लघु, घरेलु तथा स्टार्टअप उद्यम व्यवसायहरूलाई थप विस्तार गर्नका लागि स्केल-अप उद्यम कर्जा तथा कार्यक्रमसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको छ।

४. वाणिज्य क्षेत्र

मिति २०८३/०४/०७ मा नेपाल-अष्ट्रेलिया Trade and Investment Framework Agreement Council-TIFA Council को पहिलो बैठक सम्पन्न भएको। बैठकमा नेपाल-अष्ट्रेलियाबीच व्यापार तथा लगानी सहकार्यका विषयमा छलफल भएको छ । त्यसैगरी मिति २०८३ भदौ ३१ र असोज १ गते नयाँ दिल्लीमा नेपाल—भारत Inter-Governmental Sub-Committee on Trade Transit and Cooperation- IGSC बैठक सम्पन्न भएको छ । बैठकमा द्विपक्षीय व्यापार, बजार पहुँच, पारवहन तथा भन्सार सहजीकरणसम्बन्धी विषयमा छलफल भएको छ।

५. कम्पनी प्रशासन

कम्पनी रजिष्ट्रारको कार्यालयमा चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा १ लाख ८३ हजारा ८२ कम्पनीको वार्षिक विवरण अद्यावधिक, ३६ हजार ३ सय ९८ कम्पनीको शेयर/सञ्चालन लगत अद्यावधिक तथा संशोधन, १० हजार २ सय २६ नयाँ

कम्पनी दर्ता र १ हजार ४३ कम्पनी खारेजी भएको छ।

६. वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत देशका विभिन्न स्थानमा चाडवाड लक्षित सूपथ मूल्य पसल सञ्चालन गरिएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. ले सिंहदरवार भित्र बिक्री कक्ष स्थापना गरेको।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत देशका विभिन्न स्थानमा रहेका आफ्ना नियमित कार्यालयहरु, काठमाडौं उपत्यकामा रहेका १३ वटा विक्री केन्द्र र ३ वटा घुम्ती पसल समेत जम्मा ४१ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन भईरहेको।

आपूर्ति व्यवस्थापन नियमित गर्न र आपूर्तिजन्य समस्या समाधान गरी आपूर्ति व्यवस्थापनलाई सहज गराउन चालु आर्थिक वर्षको साउन र भदौमा ७ वटा बैठक सम्पन्न गरी आपूर्ति व्यवस्थापनमा नियमित सुधार गर्ने कार्य भएको छ।

बजारलाई स्वच्छ, प्रतिस्पर्धी, व्यवस्थित र उपभोक्तामैत्री बनाउँदै उपभोक्ताको हकहित संरक्षण गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागमार्फत चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा १४ सय ३२ फर्महरुको अनुगमन कार्य सम्पन्न भएको छ। विभागले यस अवधिकमा ६ सय ४२ नयाँ फर्म दर्ता, कम्पनीको व्यापारिक इजाजत प्रदान गरेको र १ सय ९७ वटा फर्म खारेजी गरेको छ।

सम्पादक मण्डल

- श्री जितेन्द्र बस्नेत, सहसचिव, औद्योगिक लगानी प्रवर्धन तथा औद्योगिक पूर्वाधार विकास महाशाख उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
- श्री अन्जु पोखरेल, उपसचिव, वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
- श्री उदय राज भट्टराई, उपसचिव (लेखा), आर्थिक प्रशासन शाखा, उद्योग, वाणिज्य तथा आपू मन्त्रालय।
- श्री प्रतिक्षा घिमिरे, संस्थान, शाखा अधिकृत, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण महाशाख उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
- श्री सुमन आचार्य, शाखा अधिकृत, द्विपक्षीय तथा बहुपक्षीय व्यापार महाशाखा , उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
- श्री भेषराज शर्मा, शाखा अधिकृत, वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।